च.नं. १४०/०७७/०७८

मिति : २०७७/०७/१८

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

**बिषय: भर्चुअल तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि सहकारी अभियानको शीर्षस्थ निकाय यस राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा आ. व. २०७७/०७८ मा पनि सहकारी सघं/संस्थाहरुको माग र आवश्यक्ताका आधारमा विशिष्टिकृत तालिमहरु संचालन गरिने लक्ष्य अनुरुप सहकारी सघं/संस्थाका संचालक समितिका पदाधिकारीहरु र प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकहरुलाई लक्षित गरी निम्न मिति, समयमा देहाएका तालिमहरु अनुभवी बिषय बिज्ञद्वारा सहजीकरण हुने गरी भर्चुअल रुपमा संचालन हुन गइरहेकोले त्यस सघं/संस्थाबाट यसै पत्रसाथ संलग्न रजिष्ट्रेसन फारम भरी सहभागीताको लागि हार्दिक अनुरोध छ ।

| क.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) | लक्षित समुह |
|---|---|---|---|---|---|
| १ | **संचालक क्षमता अभिवृद्धि तालिम** | २०७७ मंसिर ३ देखि ५ | १०:३० - २:०० | रु ३०००।– | संचालक समिति |
| २. | **व्यवस्थापक क्षमता अभिवृद्धि तालिम** | २०७७ मंसिर १६ देखि १८ | १०:३० - २:०० | रु ३०००।– | कार्यकारी अधिकृत वा व्यवस्थापक |

**पुनश्चः**

- पहिलो सहभागी हुने लाई पहिलो प्राथमिकता दिई रजिष्ट्रेशन गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैकको खाता नं. १३०००१४ बानेश्वर शाखामा र राष्ट्रिय वाणिज्य बैकको पुल्चोक शाखाको खाता नं. ११४०१००००२४०१००१ जम्मा गरी बैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने छ ।
- रजिष्ट्रेसन फारम www.ncfnepal.com.np बाट Download गर्न सक्नु हुने छ ।
- बैंक भौचरको प्रतिलिपि र रजिष्ट्रेसन फारम इमेल मार्फत प्राप्त भए पश्चात मात्र ZOOM ID प्रदान गरीने छ ।

**बिस्तृत जानकारीका लागि**
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ९८६०९८००२२

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक